# कृषि ज्ञान केन्द्र, मनाङको आ.व २०८१/८२ को चौथो त्रैमासिक अवधि ( वैसाख देखि असारसम्म ) को स्वत: प्रकाशन



## १. कार्यालयको परिचय, स्वरूप र प्रकृति :

कृषकहरुले परम्परागत रुपमा अवलम्बन गर्दै आएको खेती प्रणालीमा आधुनिकीकरण गरी कृषिजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्वमा परिमाणात्मक र गुणात्मक बृद्धि गर्न कृषकहरुको जीवनस्तर उकास्नका लागि कृषि अनुसन्धान केन्द्रबाट सिफारिस गरिएका उन्नत कृषि प्रविधिहरुको विभिन्न कृषि प्रसार शैक्षिक पद्धतिहरुको माध्यमद्वारा कृषकस्तरमा प्रचार प्रसार गरी प्राविधिक सेवा टेवा पुर्याउने उद्देश्यले नेपाल सरकारको कृषि नीतिलाई कार्यान्वयन स्तरमा उतार्ने जिल्लास्तरीय निकायका रुपमा विगतमा कृषि विकास शाखाको नामले वि.स. २०२५ सालमा कार्यालयको स्थापना भएको थियो। समयक्रमसँगै कार्यालयको नाम परिवर्तन हुदै जाने क्रममा पछिल्लो समय जिल्ला कृषि विकास कार्यालयको नाममा सेवा पुर्याउदै आएकोमा वि.स. २०६२/६३ को जनअन्दोलनबाट नेपालमा ठूलो राजनीतिक परिवर्तन भयो र संबैधानिक राजतन्त्रात्मक व्यवस्था खारेज भई नेपाल अधिराज्य संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा परिवर्तन भयो। २०७२ मा नेपालको नयाँ संविधान बन्यो । नेपालमा ७ प्रदेश र ७५३ वटा स्थानीय तहको निर्माण भई ३ तह ( संघीय संसद, प्रदेश र स्थानीय ) तहहरुको निर्वाचन समेत सम्पन्न भयो ।

नेपाल सरकार अन्तर्गत रहेका कार्यालय, संघ/संस्थाहरुको पुर्नगठन र पुर्नसंरचना भयो र संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार अन्तर्गत रहने व्यवस्था भयो । साविक जिल्ला विकास कार्यालयहरु आ.व. २०७४/०७५ को अषाढ मसान्तमा खारेज भई गण्डकी प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत लमजुङ जिल्ला र मनाङ जिल्ला कार्यक्षेत्र रहने गरि कृषि ज्ञान केन्द्र लमजुङको स्थापना भएको हो।साविक जिल्ला कृषि विकास कार्यालयवाट उपलब्ध गराउँदै आएको कृषि प्रसार कार्य स्थानीय सरकार मार्फत संचालन गर्ने र कृषि व्यवसायिकरणलाई टेवा पुयाउन कृषि विकासका कार्यक्रमहरु कृषि ज्ञान केन्द्र मार्फत संचालन गर्ने गरी व्यवस्था भएको छ। कृषि ज्ञान केन्द्र मनाङ जिल्लाको करिव बीच भागमा पर्ने चामे गाउँपालिका वडा नं. ४ मा अवस्थित छ। यो कार्यालय मिति २०७७/१२/०६ मा स्थापना भई नेपाल सरकार/प्रदेश सरकारको स्रोत र साधनका साथै विभिन्न दातृ संस्थाहरुबाट प्राप्त अनुदान तथा ऋण सहयोगको समुचित परिचालन गरी सम्बन्धित विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरुसंग सुमधुर सम्बन्ध कायम राखी स्थानीय भू-पर्यावरणीय विशिष्टता, संभाव्यता र तुलनात्मक लाभका आधारमा प्राथमिकता अनुरुप खाद्यान्न, दलहन, तेलहन बालीका साथै फलफूल, ताजा तरकारी, तरकारी बीउ, मसनाबाली आलु, मौरी, च्याउ आदि नगदेवाली/वस्तुहरुको दीगो रुपमा विकास विस्तार गर्नका लागि घोषित कृषि विकासको उद्देश्य र नीति अनुरुप "कृषि विविधीकरण तथा व्यावसायिकीकरण, सन्तुलित वातावरण र गरिवी निवारण " को नारालाई आत्मसात गर्दै आफ्नो मातहतका ३ वटा प्राविधिक शाखाका साथै २ प्रशासनिक संगठनद्वारा कृषक समुह, कृषि सहकारी एवं आधिकारीक रुपमा दर्ता भएका व्यवसायिक कृषि फर्महरुमार्फत कृषि विकासका विविध कार्यक्रम संचालन गरी कृषि व्यवसायिकरणमा सेवा प्रवाह गर्दै आएको छ

**२.२ लक्ष्य :**

- निर्वाहमुखी कृषि उत्पादन प्रणालीलाई विविधिकरण र व्यवसायिकीकरण गरी प्रतिस्पर्धात्मक एवं मर्यादित कृषि प्रणालीमा रुपान्तरण गर्ने र दिगो कृषि विकासको माध्यमबाट कृषकहरुको जीवनस्तरमा सुधार ल्याउने ।

**२.३ उद्देश्य :**

- कृषि व्यवसायिकिकरणको माध्यमबाट रोजगारीका अवसरहरु सिर्जना गर्ने तथा निर्वाहमुखी कृषि उत्पादनलाई आय तथा रोजगारमूलक र आधुनिक बजारमुखी उत्पादन प्रणालीमा रुपान्तरण गरी कृषि क्षेत्रको विकासमा तीव्रता ल्याई गरिबी निवारणमा टेवा पुन्याउने ।
- कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी जिल्लालाई खाद्यान्नमा आत्म निर्भर बनाउनका साथै आयात प्रतिस्थापन तथा निकासी योग्य वस्तुहरुको उत्पादनमा जोड दिने।
- स्थानीयस्तरमा नै गुणस्तर बीउ, बेना, मौरी घार आदिको दीगो आपूर्तिका लागि स्रोत केन्द्रहरुको विकास गर्ने ।
- दिगो कृषि विकास र वातावरण संरक्षणको लागि जनचेतना जगाउने र प्राङ्गारिक खेतीतर्फ जोड दिने ।
- कृषि प्रसारका शैक्षिक पद्धतिहरुको माध्यमवाट आधुनिक कृषि प्रविधिहरु सर्वसुलभ तरिकाले कृषकसमक्ष पुर्याई प्रविधि हस्तान्तरण गर्नुका साथै प्रविधिका ज्ञाता, अनुसन्धानहरुलाई उपलब्ध गराई पुलको काम गर्ने ।
- कृषि उत्पादनका लागि आवश्यक पर्ने बीउ विजन, विषादि, रासायनिक मल आदिको आपूर्ति सरल एवं सर्वसुलभ गुणस्तरीय बनाउन ऐन, कानूनको पालना गर्ने गराउने काममा कानूनले तोके अनुसार भूमिका खेल्ने ।

**२.४ कार्यनीति :**

- उल्लेखित उद्देश्य प्राप्तिका लागि कृषि सेवा प्रवाहलाई प्रभावकारी गराई देहायका नीति तया रणनीतिहरु अवलम्बन गरिनेछ।

**२.४.१ नीति :**

- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विकसित उत्पादन तथा उत्पादनोपरान्त प्रविधिहरुको प्रचार प्रसार र प्राविधिक सेवा टेवा सर्वसुलभ रुपमा प्रदान गरी कृषि विकास गर्न सक्षम बनाउने।
- निर्यातयोग्य एवं उच्च मूल्यका कृषि जन्य बाली/वस्तुहरुको उत्पादनमा विशिष्टता हासिल गर्ने ।
- कृषि जन्य उद्योगको लागि आवश्यक पर्ने गुणस्तरयुक्त कृषि उत्पादनमा विविधीकरण गर्ने ।
- कृषि उत्पादन सामग्रीहरुको उत्पादन एवं बजारीकरणमा सेवा टेवा दिने ।
- कृषि विकासमा कृषक समूह/समिति/सहकारी/गैह्रसरकारी संस्था स्थानीय तहहरुसंग साझेदारी गर्ने ।
- कृषि विकासका लागि मानवीय स्रोतको विकास गर्ने।
- कृषि विकासका लागि सस्थागत संयन्त्रको विकास गर्ने ।

**२.४.२ रणनीति :**

नेपाल सरकारको घोषित कृषि नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरकारले नवौं पन्चवर्षिय योजनादेखि अवलम्बनमा ल्याएको २० वर्षे दीर्घकालिन कृषि योजना (APP) तथा कृषि विकास रणनीति (ADS) अनुरुप पकेट प्याकेज अवधारणालाई मूलमन्त्र मानी प्राथमिकताका आधारमा कृषि व्यवसायलाई विविधीकरण एवं दीगो रुपमा व्यवसायीकरण गरी निर्धारित उद्देश्य प्राप्तिका लागि अपनाइएका रणनीतिहरु यस प्रकार छन् :-

**२. कार्यालयको काम, कर्तव्य र अधिकार :**

- जिल्लाको सम्भाव्यता, आवश्यकता र माग अनुसार कृषि विकास कार्यक्रमको तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गर्ने गराउने।
- आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्ने।
- जिल्ला स्थित सरोकारवाला निकाय र स्थानीय तहसँग समन्वय गर्ने।
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान लागि आवश्यक कार्य गर्ने।
- कृषकको माग अनुसार बिउ, बेर्ना, मल, विषादी, कृषि यन्त्र तथा उपकरण, कृषि बिमा आदी उपलब्ध गराउन प्रवर्द्धन, अनुगमन, नियमन सम्बन्धी कार्यहरु संचालन गर्ने।
- आधुनिक तथा उन्नत कृषि प्रविधि प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गर्ने।
- कार्यालयको आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने गराउने।
- कार्यालयको दैनिक प्राविधिक तथा प्रशासनिक कार्यको अनुगमन, मुल्याङ्कन र पृष्ठपोषण गर्ने।

- नेपाल कृषि अनुसन्धान परिषद्को समन्वयमा खाद्यान्न, दलहन र तेलहन बालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको सिफारिस सम्बन्धी कार्यहरु सम्पादन गर्ने।
- उपयुक्त प्रसार विधिको प्रयोग गरी सिफारिस भएका उन्नत कृषि प्रविधि कृषि समक्ष पुर्याउने।
- स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमको संयोजन गर्ने।
- कृषि यन्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गर्ने।
- माटो तथा मलखाद व्यवस्थापन सम्बन्धी कार्यहरु संचालन गर्ने। रसायनिक मलको आपुर्ति, भण्डारण र उपयोगको अनुगमन तथा प्रतिवेदन गर्ने।
- साना सिंचाई कार्यक्रमको संयोजन भई कार्यकम कार्यान्वयन गर्ने। खेतीयोग्य जग्गा सिंचाई सुविधा बढाउन जिल्ला स्थित सिंचाई सम्बन्धी कार्यालयसँग समन्वय गर्ने।
- खाद्यान्न, दलहन र तेलहन बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने।
- आर्थिक महत्त्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग सम्बन्धी कार्यक्रम संचालन गर्ने।
- कृषक वर्गिकरण तथा परिचयपत्र वितरणको लागि स्थानीयतह संग समन्वय तथा सहजिकरण गर्ने।
- तरकारी, फलफूल र नगदेबालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, कार्यक्रम संचालनमा सहयोग गर्ने।
- तरकारी बालीको उत्पादन, उत्पादकत्व र व्यवसायिकरण प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु संचालनमा सहयोग गर्ने।
- फलफूल बालीको उत्पादन, उत्पादकत्व र व्यवसायिकरण प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु संचालनमा सहयोग गर्ने।
- बिउ बिक्रेताहरुको अनुमति, नविकरण सम्बन्धी प्राविधिक सेवा उपलव्ध गराउने।
- तरकारी, फलफूल र नगदे बाली खेती सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।
- फलफूल तथा तरकारीका नर्सरीको स्थापना तथा सुदृढीकरण सम्बन्धी कार्यक्रम संचालन गरी जिल्लालाई आवश्यक विरुवा तथा व्यवसायिकरण उत्पादन प्रवर्द्धन सम्बन्धी कार्य गर्ने।

## कृषि ज्ञान केन्द्र मनाङको स्वीकृत संगठन संरचना

गण्डकी प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र,चामे,मनाङ**

गण्डकी प्रदेश, नेपाल

**प्रमुख**

९/१० औ तह, कृषि / समुहकृत नहुने

**<u>प्राविधिक फाँट</u>**

कृषि प्रसार अधिकृत (७/८ औ तह, कृषि/कृषि प्रसार )-१

प्राविधिक सहायक/अधिकृत ५/६ औ तह, कृषि/बागवानी )-१

प्राविधिक सहायक/अधिकृत ५/६ औ तह, कृषि/कृषि प्रसार) -१

प्राविधिक सहायक/अधिकृत ५/६ औ तह, कृषि/बाली संरक्षण) -१

**<u>प्रशासन फाँट</u>**

सहायक (४/५ औ तह/सामान्य प्रशासन ) -१

सहायक (४/५ औ तह / लेखा ) -१

हलुका सवारी चालक (श्रेणी विहिन/मेकानिकल )-१

कार्यालय सहयोगी (श्रेणी विहिन/सामान्य प्रशासन ) -१

कुल दरबन्दी - ९

गण्डकी प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, मनाङ

## कार्यरत कर्मचारी विवरण

| क्र.स. | नाम थर | पद | तह | सेवा | समुह | कुल दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मनिता थापा | प्रमुख | ९/१० औ | कृषि | समुहकृत नहुने | १ | १ | | अध्ययन काज |
| २ | मदन रेग्मी | कृषि अर्थ विज्ञ | ८ औ | कृषि | एगृ इको एण्ड मार्केटिङ | | १ | | निमित्त प्रमुख |
| ३ | जयशंकर शर्मा | कृषि प्रसार अधिकृत | ७ औ | कृषि | कृषि प्रसार | १ | १ | | |
| ४ | ललितराज जैसी | प्राविधिक सहायक/अधिकृत | ५/६ औ | कृषि | बाली संरक्षण | १ | १ | | |
| ५ | अनुष विश्वकर्मा | प्राविधिक सहायक/अधिकृत | ५/६ औ | कृषि | कृषि प्रसार | १ | | १ | |
| ६ | विष्णु सार्की | प्राविधिक सहायक/अधिकृत | ५/६ औ | कृषि | बागवानी | १ | १ | | |
| ७ | | सहायक | ४/५ औ | प्रशासन | सामान्य प्रशासन | १ | - | १ | |
| ८ | | सहायक | ४/५ औ | प्रशासन | लेखा | १ | - | १ | |
| ९ | लभनिधि सिलुवाल | हलुका सवारी चालक | श्रेणी विहिन | मेकानिकल | | १ | १ | | सेवा करारमा |
| १० | बिनु गुरुङ | कार्यालय सहयोगी | श्रेणी विहिन | सामान्य प्रशासन | | १ | १ | | सेवा करारमा |
| ११ | कुमार गुरुङ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | १ | | सेवा करारमा |
| | जम्मा | | | | | ९ | ८ | ३ | |

## नागरिक वडापत्र

| क्र.स. | प्रदान गरिने सेवाको विवरण | पेश गर्नु पर्ने कागजातहरु | सेवा वापत लाग्ने | | जिम्मेवारी शाखा/व्यक्ती | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | दस्तुर | कार्य दिन | | | |
| १. | अनुदान प्रवाह कार्यक्रम | १. निर्देशिष्ट फर्मेट बमोजिमको प्रस्ताव र रु.१० को टिकट<br>२. स्थानिय तहको सिफारिस<br>३. फर्म, समुह, सहकारीको दर्ता प्रमाणपत्र<br>४. कर चुत्ता प्रमाणपत्रको प्रतिलिपि<br>५. कार्ययोजना<br>६. कृषक वर्गीकरण परिचय पत्रको प्रतिलिपि<br>७. कार्यविधिले माग गरे बमोजिमका कागजातहरु | कार्यविधिमा उल्लेख भए बमोजिम | कार्यालयको कार्य योजना अनुसार | प्राविधिक फाँट तथा प्रशासन/लेखा शाखा | प्रमुख | |
| २. | कृषि सम्बन्धी तालिम, | १.आवश्यक पर्ने तालिमको विवरण खुलाई रु. १० को टिकट सहित निवेदन | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गोष्ठी | २. कृषक वर्गीकरण परिचय प्रतिलिपि | निःशुल्क | वर्षभरि | प्राविधिक फाँट तथा प्रशासन/लेखा शाखा | प्रमुख | |
| ३. | बीउ विजन व्यवसायी बिक्रेता दर्ता तथा नविकरण | १. रु १० को हुलाक टिकेट<br>२. निर्देशिष्ट फर्मेट<br>३. नागरिकताको प्रतिलिपि<br>४. तालिम प्राप्त प्रमाणपत्रको प्रतिलिपि | नयाँ रु. ४००।-<br>नविकरण रु. २००।- | सोहि दिन | प्राविधिक फाँट तथा प्रशासन/लेखा शाखा | प्रमुख | |
| ४. | पकेट/ब्लक संचालक समिति दर्ता | १. संचालक समितिको निर्णयको प्रतिलिपि<br>२. विधान ३ प्रतिलिपि<br>३. रु १० को हुलाक टिकेट<br>४. स्थानिय तहको सिफारिस | निःशुल्क | सोहि दिन | प्राविधिक फाँट तथा प्रशासन/लेखा शाखा | प्रमुख | |
| ५. | बिषादी विक्रेता दर्ता नविकरण | १. निवेदन रु १० को हुलाक टिकेट<br>२. निर्देशिष्ट फर्मेट<br>३. स्थानिय तहको सिफारिस<br>४. प्रमाणपत्रको प्रतिलिपि<br>५. नागरिकताको प्रतिलिपि | नयाँ रु. ५००।-<br>नविकरण रु. २००।- | सोहि दिन | बाली संरक्षण अधिकृत | प्रमुख | सिफारिस |
| ६. | कृषि बीमा | १. निवेदन रु.१० को हुलाक टिकट<br>२. निर्देशिष्ट फर्मेट<br>३. नागरिकताको प्रतिलिपि | निःशुल्क | सोहि दिन फिल्ड निरिक्षण गर्नु पर्ने भए १ हप्ता | प्राविधिक फाँट | प्रमुख | सिफारिस |
| ७. | कृषि फर्म केन्द्र | १. निवेदन रु १० को हुलाक टिकेट<br>२. कार्ययोजना<br>३. लालपूर्जाको प्रतिलिपि<br>४. स्थानिय तहको सिफारिस<br>५. सधियारहरुको मुचुल्का | निःशुल्क | सोहि दिन | प्राविधिक फाँट | प्रमुख | सिफारिस |
| ८. | अनुदानमा रासायनिक मल उपलब्ध गराउने | १. निवेदन रु १० को हुलाक टिकेट<br>२. मलखाद बिक्रेता प्रमाणपत्रको प्रतिलिपि<br>३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>४. सहकारीको निर्णय<br>५. स्थानिय तहको सिफारिस<br>६. संस्था दर्ताको प्रतिलिपि<br>७. मल वितरणको भरपाई | निःशुल्क | सोहि दिन | प्राविधिक फाँट | प्रमुख | सिफारिस |
| ९. | माटो परिक्षण | १. निवेदन रु १० को हुलाक टिकेट<br>२. माटोको नमूना<br>३. जाँच गर्नुपर्ने खाद्यतत्वको विवरण | पि. एच रु. १०।-<br>नाइट्रोजन रु.८०।-<br>फस्फोरस रु. १००।-<br>पोटास रु. ८०।-<br>प्राङ्गारिक पदार्थ रु. १००।- | १५ दिन | प्राविधिक फाँट | प्रमुख | कृषकले ल्याएको नमूनामा ७५% छुट दिईने छ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | रोग, कीरा परीक्षण | १. निवेदन रु १० को हुलाक टिकट<br>२. नमूना | नि:शुल्क | १ हप्ता | प्राविधिक फाँट/ बाली संरक्षण अधिकृत | प्रमुख | प्रयोगशालामा पठाउनु परेमा नियमानुसा लाग्ने छ। |
| ११. | स्थानीय तहका प्राविधिकको क्षमता अभिवृद्धि | स्थानीय तहका प्राविधिकको क्षमता अभिवृद्धि | नि:शुल्क | कार्यक्रम अनुसार | प्राविधिक फाँट | प्रमुख | |
| १२. | कार्यक्रम भुक्तानी | १. निवेदन<br>२.स्वीकृत आदेश<br>३. बिल भरपाई<br>४. स्थानीय तहको सिफारिस<br>५. कार्यसम्पन प्रतिवेदन<br>६. कार्यक्रम सम्पन्न गर्दा र सम्पन भएपछिका फोटोहरु<br>७. कार्यविधि अनुसारको अन्य कागजात | नियमानुसार करकट्टी हुने | पक्रिया पुगेको भए सोहि दिन | प्राविधिक फाँट | प्रमुख | |
| १३. | प्राविधिक सेवा एवं परामर्श | १.निवेदन/मौखिक | नि:शुल्क | सोहि दिन, ठाउँ अनुसार समय लाग्ने | प्राविधिक फाँट | प्रमुख | |

**<u>कृषि ज्ञान केन्द्र, मनाङको कार्य विवरण</u>**

१. जिल्लाको कृषि तथ्याङ्क प्रोफाईल तयार तथा अद्यावधिक गर्ने।

२. स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि गर्ने।

३. व्यवसायिक किसान, उद्यमी तथा कृषि फार्म संचालकको लागि तालिम तथा क्षमता अभिवृद्धि गर्ने।

४. आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परीक्षण तथा सिफारिस गर्ने।

५. माटो तथा मल, बीउ तथा बाली संरक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा प्रदान गर्ने।

६. संघीय कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने।

७. प्रादेशिक कृषि विकास कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन गर्ने।

८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्रभित्रका जोन तथा सुपरजोनको लागि प्राविधिक सेवा उपलव्ध गराउने।

९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्र भित्रका पकेट तथा व्लकको कार्यक्रम संचालन तथा प्राविधिक सेवा उपलब्ध गराउने।

१०. भौगोलिक विविधता अनुसारको प्राथमिकता प्राप्त बाली बस्तु विकासको योजना, मूल्य अभिवृद्धि श्रृखला विकास तथा कार्यान्वयनको समन्वय गर्ने।

११. आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग गर्ने।

१२ विभिन्न बालीनालीका रोग किराहरुको पेष्ट म्याप तयार गर्ने।

१३. विभिन्न बालीनाली तथा रोगकिराको संकलन, पहिचान तथा संरक्षण गरी संग्रहालयको रुपमा विकास गर्ने।

१४. स्थानीय बाली/रैथानेबाली लोपोन्मुख तथा उपेक्षित पानीको जर्मप्लाज्म संकलन गरी Gene Bank लाई उपलव्ध गराउने।

१५. स्थानीय तहका कृषि एकाईहरुबाट कृषि सम्बन्धी तप्याक संकलन तथा अद्यावधिक गर्ने साथै असिना, बाढी, पहिरो जस्ता दैवी प्रकोपको विवरण संकलन गरी तथ्याङ्क प्रादेशिक तथा संघीय तालुक निकायहरुमा पठाउने।

१६. बीउ, विषादी तथा मलखाद विक्रेताहरुको अनुमति नवीकरण तथा अनुगमन गर्ने साथै तिनीहरुको क्षमता अभिवृद्धि गर्ने।

१७. कमाण्ड क्षेत्रभित्र रहेका श्रोत केन्द्रहरु, फलफूल तथा तरकारीको नर्सरीहरुलाई प्राविधिक सेवा प्रदान गर्ने।

१८. कमाण्ड क्षेत्रभित्र रहेका फलफूल तथा तरकारीको नर्सरीहरुको तालुक निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलध गराउने।

१९. निरोगिताको प्रमाणपत्र बिना बीउ, विरुवा, बेर्ना तथा अन्य रोपण सामाग्रीहरुको ओसारपसारमा तालुक निकायसँग समन्वय गरी रोक लगाउने।

२०. व्यवसायिक फर्म, बीमा कृषिजन्य उद्योगमा विद्युतीकरण विषादी बिक्रेता आदिको लागि सिफारिस गर्ने।

२१. कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागि प्राविधिक तथा व्यवसायिक कार्य योजना तयार गर्न सहयोग गर्ने।

२२. कृषक वर्गीकरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहजीकरण गर्ने।

२३. कृषि स्नातक तथा JT/JTA कोर्ष अध्ययनरत विद्यार्थीहरुको लागि इन्टर्नसिप कार्यक्रम संचालन गर्ने।

२४. संघीय एवम् प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमावली, निर्देशिका सम्बन्धी सरोकारवाला निकायहरुलाई सुसूचित गर्ने, गराउने।

२५. स्थानीय तह अन्तर्गत नगरपालिका, गाउँपालिका तथा वडाको विस्तृत स्थलगत सर्वेक्षण गरी भूगोल, हावापानी, मोहडा, कृषि पर्यावरण, माटो परीक्षण तथा परम्परागत बालीनालीहरुको आधारमा कृषिको व्यवसायीकरणको लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने।

२६. नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गरी बाह्य अनुसन्धान स्थलको रुपमा कार्य गर्ने।

२७. संघीय तथा प्रदेश सरकारले तोकेका अन्य प्राविधिक कार्यहरु गर्ने।

२८. समग्र कृषि विकासको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने।

२९. यस अघ साविक जिल्ला कृषि विकास कार्यालयले प्रतिनिधित्व गर्ने जिल्लास्तरका समितिहरुमा सहभागिता जनाउने।

३०. कृषि विकासमा टेवा पुर्याउने अन्य कामहरु गर्ने।

**यस आ.ब.मा सम्पन्न हुने मुख्य मुख्य कामहरु :**

| सि.नं. | कृयाकलापहरु | संचालन अवस्था | कैफियत |
|---|---|---|---|
| १ | आलु तथा तरकारीबालीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन कार्यक्रम | कार्य सम्पन्न | |
| २ | व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम | कार्य सम्पन्न | |
| ३ | समुदायस्तरमा प्रशोधनयोग्य/ खायन आलु प्रवर्धन आयोजना | कार्य सम्पन्न | |
| ४ | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | कार्य सम्पन्न | |
| ५ | बाली विमाको विमा शुल्कमा अनुदान | ३ फर्मको भुक्तानी | |
| ६ | पुरानो स्याउ वगैंचा व्यवस्थापन | कार्य सम्पन्न | |
| ७ | रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रर्वद्धन कार्यक्रम | कार्यक्रम कार्यन्वयन हुन नसकेको | |
| ८ | रैथानेबाली उत्पादन प्रर्वद्धन कार्यक्रम | कार्य सम्पन्न | |
| ९ | जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन कार्यक्रम | कार्य सम्पन्न | |
| १० | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | कार्य सम्पन्न | |
| | प्राङ्गारिक कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम | कार्यक्रम कार्यन्वयन हुन नसकेको | |
| ११ | बजार प्रवर्द्धन कार्यक्रम | | |
| १२ | प्राङ्गारिक खेती कार्यक्रम | | |
| १३ | प्राङ्गारिक कृषि प्रमाणीकरण कार्यक्रम | | |
| १४ | स्थलगत तालिम संचालन, वाली उपचार शिविर संचालन, बैठक/समन्वय बैठक संचालन | कार्य सम्पन्न | |

<u>सम्पन्न कार्य प्रगति</u>

- अनुदानमुलक कार्यक्रमहरुको सूचना प्रकाशन, आवेदन संकलन, स्थलगत फिल्ड अनुगमन, संझौता भई कार्यान्वयन भई भुक्तानी भएको
- कार्यक्रम सार्वजनिकीकरण/सार्वजनिकीकरण
- कृषि शिविर संचालन
- सपोर्ट वाल निर्माण, सेफ्टी ट्याङ्की निर्माण, गत बर्ष निर्मित भवनको अपूरो कार्य सम्पन्न (वायरिङ लगायत)

- दुईपाङ्ग्रे सवारी साधन खरिद (मोटरसाईकल)
- स्थलगत तालिम संचालन
- स्थानीय तहमा कार्यरत कृषि प्राविधिक तथा जनप्रतिनिधि वीच समन्वयात्मक बैठक संचालन,
- अन्य प्राविधिक सेवा टेवा प्रदान आदि

**असार मसान्त सम्मको खर्च रु (हजारमा)**

पूँजिगत: १४००, चालु: ३०१०२ जम्मा: ३१५०२

| बार्षिक विनियोजन | | प्रथम त्रैमासिक विनियोजन | प्रथम त्रैमासिक खर्च | प्रथम त्रैमासिक खर्च % | प्रथम त्रैमासिक भारित प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|
| पुँजीगत | १४०० | १४०० | ६६६ | ४७.५७ | ६१.८७ | |
| चालु | ३०१०२ | ६२०७ | २३०७ | ३७.१६ | ५८.८६ | |
| जम्मा | ३१५०२ | ७६०७ | २९७३ | ३९.०७ | ५९.४२ | |

| अर्धबार्षिक विनियोजन | | अर्धबार्षिक खर्च | अर्धबार्षिक खर्च % | दोश्रो त्रैमासिक विनियोजन | दोश्रो त्रैमासिक खर्च | दोश्रो त्रैमासिक खर्च % | दोश्रो त्रैमासिक भारित प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| पुँजीगत | १४०० | १२७७ | ९१.२१ | ० | ६११ | | ० | |
| चालु | १३११० | ५११५ | ३९.०१ | ६९०१ | २८८५ | ४१.८० | ७०.२ | |
| जम्मा | १३११० | ६३९२ | ४८.७५ | ६९०१ | ३४९६ | ५०.६५ | ७०.२ | |

| तेश्रो त्रैमासिक विनियोजन | | खर्च | खर्च प्रतिशत | भारित प्रगति | बार्षिक विनियोजन | हालसम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| पूंजिगत | ० | ० | ० | ० | १४०० | १२७७ | ९१.२१ |
| चालु | १०८२२ | १९१३ | १७.६८ | ६६.२७ | ३०६०२ | ७०२८ | २२.९६ |
| जम्मा | १०८२२ | १९१३ | १७.६८ | ६६.२७ | ३२००२ | ८३०५ | २५.९५ |

| बार्षिक विनियोजन | | बार्षिक खर्च | बार्षिक खर्च % | चौथो त्रैमासिक विनियोजन | चौथो त्रैमासिक खर्च | चौथो त्रैमासिक खर्च % | चौथो त्रैमासिक भारित प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| पुँजीगत | १४०० | १३४२ | ९५.८५ | | ० | ० | ० | |
| चालु | ३०१०२ | १५०४१ | ४९.९६ | ६६७० | ८००० | ११९ | ९९.७ | अघिल्लो त्रैमासिकको चौथोमा खर्च |
| जम्मा | ३१५०२ | १६३८४ | ५२.०० | ६६७० | ८००० | ११९ | ८१.५ | |

कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र सम्पर्क नम्बर:

कार्यालय प्रमुखको नाम: मदन रेग्मी सम्पर्क नम्बर: ९८५६०३६४४५

सूचना अधिकारीको नाम: जयशंकर शर्मा सम्पर्क नम्बर: ९८५६०४९४०३

**गुनासो/उजुरी सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर:**

नाम: मदन रेग्मी

पद: नि.प्रमुख

सम्पर्क नम्बर: ९८५६०३६४४५/९८४१४०४८८५ कार्यालयको वेवसाइट, इमेल र सम्पर्क नम्बर:

www.manang.akc.gov.np

Email: akcmanang@gmail.com

सम्पर्क नम्बर: ९८५६०३६४४५/०६६ -४४०२१३